# फलानाले पनि यसपाली बिहे गरेछ

गान्धि राज भट्टराई

कुरा त्यस्तै २०४७-४८ तिरको हो । हामी रामपुर कृषि क्याम्पसमा स्नातक अन्तिम वर्षमा पुगिसकेका थियौं । सबैको बसाइ होस्टलमा नै थियो । केही थिए स्थानीय साथीहरु साइकलमा घर क्याम्पस ओहोर दोहोर गर्ने । भर्ना हुंदैखेरी प्रवेश परीक्षा, एसएलसी र आइएस्सीमा ल्याएको नंबर अनुसार मेरीटमा छानिने भएकोले सबै उस्तै उस्तै स्तर र समान प्रकृतिका थिए । तर पनि कोही एक दुई वर्ष गुल्टिएर एक दुई भोटा बढी फटाएका थिए भने कोही चिचिलैमा स्कुल शुरु गरेकाहरु भने ओठमा जुंगाको रेखी नबस्दैमा अब हाकीम हुने भनी दंग थिए । जागीरको त्यति समस्या थिएन, पास हुने वित्तिकै कोही प्रोजेक्ट तिर हानिने सुरमा थिए, कोही लोकसेवा लडेर कृषि विकास कार्यालयमा जागीर खानुपर्छ भन्दै सामान्य ज्ञानका किताव भेला गर्न थालेका थिए । कोही चाहीं आफ्नै गाउंको स्कुलमा पढाउन जाने तरखर गर्दै थिए ।

त्यो भन्दा अर्को एउटा समुह पनि थियो हाम्रो समुहलाई भाइ भन्ने - दुःख सुखका दश भोटा बढी फटाएका । आधाजसो रामपुर बजार वरिपरि डेरा लिएर बसेका थिए परिवार सहित । केही चाहीं परिवारलाई घर वा माइतमै छोडेर होस्टलमै बस्थे । यो बुढ्यौली दाइहरुको समुह चाहीं पढाइ सकिने वित्तिकै जागीरमा फर्केर हाकीममा प्रमोशन पाउने आशामा को पहिले हाजीर हुनपुग्ने दिन गन्दै थिए ।

त्यो पछिल्लो समुहलाई छोडेर ‘फाइनल यीयर’ भने पछि सबैमा अर्कै खालको उमंग थियो । अघिल्लो साल देखि फाट्टफुट्ट कसै कसैको विहे पनि हुन थालिसकेको थियो । धेरै जसोको घरतिरबाट कुरा चलिसकेको थियो । गाइंगुइं कसै कसैको लभ परेको, इन्टोमोलोजीको प्राक्टिकलको लागि पुतली छोप्न जांदा ‘झ्याप्प’ पुतली परेको खालका कुरा सुनिए पनि सत्य तथ्य तेती यकिन भएको थिएन । तर पनि सबैको आआफ्नै प्रयास जारी थिए ।

उमेरले च्याप्दै ल्याएपछि एउटा चाहना सबैलाई हुने रहेछ, कसैमा धेरै कसैमा थोरै । प्रेमप्रसाद, जीवन, नवराज, विष्णुहरी, मदन, सुभाष, विनोद, सुरेन्द्र, शंकर सबैमा थियो नै । त्यसमध्ये प्रेमप्रसादले पोहोर साल नै विहे गरेका थिए । कहिले काहीं विहे पछिका कृयाकलापहरुको सचित्र वर्णन गरेर केटाहरुलाई भुतुक्क पार्थे । विनोदको भने गाउंघरमा आफन्तकहां जांदा आउंदा उतै लभ परेको थियो । छोटकरीमा भन्ने हो भने एउटा उपन्यासको नायक जस्तै थियो उ सबैका लागि ।

दिनहरु त्यसरी नै वित्दै थिए । अन्तिम वर्ष आएपछि हामी सबैको रक्सीको मात्रा र घनिष्टता अलि बढी नै भएको थियो । हुन पनि एसएलसी बाट सोझै पांच वर्षे बीएससी प्रोग्राममा आउनेहरुमा अर्कै खालको अन्तरंग सम्बन्ध थियो । शायद दुई चार महिना पछि छुटिने भएकोले पनि मनमा पहिले देखि गुम्सिएर बसेका राम्रा नराम्रा कुराहरु कुमार दाईको रेष्टुरेन्टमा छताछुल्ल हुने गरेका थिए । यस्तै क्षणहरुमा विहेका रहरहरु, बाबु आमाका गुनासाहरु, गाउंले ठीटीहरुका आमन्त्रणका कथाहरु पोखिने गरेका थिए । भरखर भरखर बजारमा भित्रीएको ओस्कार रक्सीको नाममा समेत ‘ओस्कार समूह’ गठन भएको थियो हामी मध्येका सिनीयरहरु समेटेर । हाफ बोटल रम खान सक्नु नै न्युनतम आवश्यकता जस्तो थियो त्यो समूहको सदस्यताको लागि । शायद आफ्नै कार्य व्यस्तताले म त्यसको सदस्य भने हुन सकेको थिइन । तर यसको मतलब म त्यो समूहको सदस्यताको लागि अयोग्य भने होइन । बेला बेलामा दश सदस्यीय ओस्कार समूह जतिको बील हामी दूई तीन जना बसेर नै तिर्ने गर्थ्यौं ।

हरेक सप्ताहान्त म रामपुर बजारमा पुगेको हुन्थें । यस्तोमा मेरो सहप्यासी को भन्ने निश्चित हुंदैनथ्यो । आफ्नो गोजीमा रकम टन्न बोकेर पीउने साथी खोज्न हिंडेपछि नभेटिने कुरा पनि आउंदैनथ्यो । नवराज त्यस्तै मध्येको मेरो घनिष्ट सहप्यासी हुन पुगेको थियो ।

नवराजको घर गोर्खा तिर थियो । आइएस्सी सकेपछि विएस्सी शुरु गर्न केही समय बांकी हुंदा र नेपालको प्रजातान्त्रिक आन्दोलन हुने समय पारेर उसको गाउं नजिकै म कृषि र विज्ञान विषयको गुरु हुन पनि पुगेको थिएं । त्यसैले उसको गाउंघरको तस्वीर मेरो मानसपटलमा थियो नै ।

म भरखर २२ वर्ष लागेको थिएं, नवराज मभन्दा झण्डै तीन वर्ष जति पाको थियो उमेरमा । तर कलेजमा राम्रो विद्यार्थीको धाकले गर्दा मपनि सिनियरहरुको दांजोमा हाराहारी हुन्थें । दिउसो कलेजमा त त्यति कुरा हंदैनथे । तर बेलुकी

कुमार दाईको रेष्टुरेन्टमा वीयरका बोतल खाली हुंदै जांदा हामी भित्रका गुम्स्याहट पनि निखिंदै जान्थ्यो । कुराकानीका सिलसिला उनै हुन्थे - कसले के जागीर पाउला, कसले यो साल विहे गर्दैछ, कसको कोसंग लभ परेको छ यस्तै ।

रामपुर क्याम्पसमा केटीहरुको जमात सानो थियो । त्यो पनि प्राविधिक शिक्षातर्फ न्युनतम महिला सहभागी गराउने अभिप्रायले दश प्रतिशत कोटा सुरक्षित भएकोले गर्दा । यस्तोमा कुनै केटाकेटीको लभ पर्नै मुश्किल, परिहाले पनि लुकाउन मुस्किल, लुकाइहाले पनि जोगाउन मुस्किल । त्यसैले पनि हाम्रो व्याचबाट एक अर्कालाई मन पराएर लभ पर्नै सकेको थिएन कसैको पनि । नवराजमा पनि त्यही समस्या रहेछ । वान साइडेड लभ नगरेको त हैन तर टु वे हुने तर्फ कहिल्यै प्रगति भएन । साथीहरुले कुरा लगिदेउन् भने लमी बनिदेला जस्तो साथी आफ्नै लागि कुरा गर्न नसकिराख्या हुंदो रहेछ ।

लभ पर्ने अर्को काइदा थियो जुनियर केटीहरुसंग घनिष्ट हुने । जुनियरहरुसंग घनिष्ट हुने तरिका क्लास नोटहरु दिने वा जेनेटिक्स्का हिसावहरु हल गर्न सक्नु पर्थ्यो । तर ती स्थान सिमित साथीहरुले मात्र लिन सक्थे । नवराजको लागि यो तरिका पनि उपयुक्त थिएन । खै कसको दुर्भाग्यले हो कुन्नी तेस्तो स्थान लिने काम चाहीं मजस्ता अधकल्चाहरुका पुर्पुरोमा पर्थ्यो । बरु कुनै बेला साथीहरुले मलाई पो जिस्काउंथे 'के हो फलानी त तंसंग वान साइडेड भएको छ रे, ल ल मामा मोज गर' । 'मामा' साथीहरुले मलाई बोलाउने नाम थियो । हुन त म वाहुनचरीलाई टेस्ट पास नगर्दैदेखि विहेका प्रस्तावहरु घुइरो घुइरो आउन थालेका थिए । तर आफ्नो लक्ष्य अर्कै थियो । कसैसंग लभ परेको पनि थिएन अनि छिटै प्रेम, विहेको बन्धनमा बांधिन तयार पनि भइसकेको थिइन । विगत पांच वर्ष देखि आफ्नै खुट्टामा उभिएर पढाइ अगाडि बढाएको भए पनि साथीहरुलाई भन्ने गर्थे "मुला, आफ्नो श्रीमतीलाई सारी किन्न पनि टाउको कन्याउंदै बाउसंग धान बेचेको पैसा माग्नु पर्छ भने के विहे गर्नु?"

वास्तवमा तेतिखेरका समयहरु काइदाले वितिरहेका थिए । मेरो दृष्टिमा नवराजमा भने उमेरले हुर्काएका प्राकृतिक इच्छाहरु तंछाड मछाड गरिरहेका भान हुन्थ्यो । कलेज तिरबाट लभ पर्ने सबै ढोका बन्द भइसकेका थिए । बाहिर गाउंघरमा क्याम्पस परिवारको घनिष्टता थिएन । बाहिर निस्कने भनेको रामपुर बजार नै थियो । त्यो पनि गोजीमा पैसा हुंदा मःम खाने, बेला बेला साबुन, टुथपेष्ट किन्ने, पुरानो हीटर होष्टल वार्डेनले उठाइदिए पछि नया हीटर किन्ने वा शुक्रबार बेलुकी बीजुली पानी चढाउने ठाउं थियो । त्यस्तोमा कता कोसंग मन मिल्न पुग्ने ? अलि वरपर गाउंघर डुल्न साइकल चाहिन्थ्यो । रिटर्न आउने कुराको ग्यारन्टी नभइकन १५ सय हालेर साइकल किन्न पनि नसकिने ।

मौसमले च्यालेन्ज गरेको दिन ओस्कार ग्रुप चार बजे नै लाग्यो रामपुर बजार तिर । त्यो सुनेपछि आफूमा पनि छटपटि भइहाल्यो । विहानको समुहबाट पांच सातजना विद्यार्थीले ट्युशनको फी बुझाएकोले पन्ध्र सोह्र सय जति गोजिमै थियो । त्यो दिन पनि साथी खोज्दै हिंडेको नवराज नै भेटियो । जांड खान पुरानै साथीसंग ठीक हुन्छ जस्तो लाग्यो अनि लागियो कुमार दाइको रेष्टुरेन्टतिर ।

सात बज्दा सम्म तीन बोतल बीयर भित्र पसिसकेको थियो । रक्सी भित्र पसेपछि बुद्धि बाहिर निस्कन्छ भनेजस्तै कुरा बाहिर निस्कन शुरु भयो । माघ महिना लागिसकेको थियो । बाहिर निष्पस्ट अन्धकार थियो । मैनबत्तीको मधुरो उज्यालोमा बीयर घुट्क्याउंदै गर्दा नवराजको मन भित्रका कुण्ठाहरुले पनि अन्धकार संगै बाटो लिन थाले ।

"मामा, मलाई एउटा केटी मिलाइ दिन प-यो" नवराजले एक्कासी प्रस्ताव राख्यो ।

वास्तवमा म त्यो ठाउंको स्थानीय थिएं तर बसाइ चाहीं शुरुदेखि नै होष्टलमा थियो । एसएलसी दिएदेखिनै मैले जुनियरहरुलाई ट्युशन पढाउंदै गरेकोले पनि म त्यो एरियामा कलिलैमा भिजीसकेको थिएं । एसएलसीको सिजनमा झण्डै सय जना जति केटाकेटी मसंग ट्युशन पढ्न आउने कुरा प्रायः मेरा सबै साथीहरुलाई थाहा थियो ।

"हैन के भन्छ यो साथी? मैले कताबाट मिलाउने ? घर तिर कुरा गरेनउ ?" मैले नवराजलाई नै प्रतिप्रश्न गरें । नवराज अचेल बेला बेलामा घरतिर बढी धाउने गरेको मलाई राम्रै थाहा थियो ।

वियरको लामो घुट्का घुटुक्क पार्दै नवराजले दुःखेसो पनि लामै पोख्यो । एकताका दिवाना हुने हदैसम्म लाग्दा पनि क्याम्पसभित्र लभ स्टोरी सफल बनाउन नसकेको, गाउंघरबाट सात वर्षसम्म बाहिरिंदा आफुभन्दा कान्छा भाइ

भतिजाहरुको तीन तीनवटा छोराछोरीहरु भइसकेको, गाउंमा जांदा नयां छिमलका केटीहरुले काका भनेर जिस्काएको । वास्तवमा यतिन्जेल सम्ममा नवराज एकादेशको कथा जस्तो भइसकेको रहेछ गाउंघरमा ।

हुन त नवराजको गाउंघर जस्तोमा 'त्यति पढेको केटालाई छोरी दिन पाए छोरीको घर राम्रो हुन्थ्यो' भनेर प्रस्ताव राख्ने पितामहहरुको कमी हुन नपर्ने । तर किन किन नवराजलाई त्यस्तो पनि भएको रहेनछ । आफुलाई चारतिरबाट प्रस्ताव आएको अनि हप्तै पिच्छे घर जांदा आमाले मलाई पटक पटक छड्के हानेर 'बुहारी कजाउने रहर' सुनाएको कुराको घोषणा गरेर नवराज भित्रको आगोमा चरु होम्ने काम गरें मैले ।

कुरा गहिरिंदै जांदा नवराजको मन भित्रको घाउको गहिराइ देखिंदै गयो । घर जांदा सिधै म विहे गर्छु भन्न पनि अप्ठ्यारो भएछ नवराजलाई । आफैंले कुरा थालम् कुरै नसकी कसको छोरी हो? कताकी हो? के जात हो? जातभात मिल्छ? भन्ने खालका आमा बाबु । हैन मलाई केटी हेरिदिनुस् भन्न पनि झन अप्ठ्यारो ।  थामीसक्नु नभएपछि नवराजले आफ्नो गुह्य खोल्यो ।

"मामा, यसपाली पनि मंसीरको पहिलो साता आधा क्वीज हापेर घर गएं । आफुलाई विहे गर्न मन लाग्या छ, आमा बाबु कुरै गर्दैनन् । कुरो उठाउंछन् कि भनेर 'यसपाली त फलानाले पनि विहे गयो, पोहोर साल ढिस्कानाले विहे गरेर यसपाली छोरा पाइसक्यो' भनेर आमासंग कुरा गरें, कुरै गर्दैनन् यार ।"

नवराजको सिरियस कुराले हो की, वीयर सांच्चै धेरै भएकोले हो मलाई झनन्न भएर आयो । कति बजेको थियो कुन्नी, कुमार दाईले रेष्टुरेन्टको ढोका अघि नै बन्द गर्न लगाइसकेका रहेछन् । बील ल्याउन संकेत गरेर उठेर विस्तारै भनें, "नवराजजी, जाउं अव रात धेरै भएछ । "

"मामा, मलाई तपाईंले पढाउने एउटा केटी मिलाइदिनु पयो ।"

वाहिर निस्कंदै गर्दा कुर्लिंदो स्वरमा नवराजले फेरि प्रस्ताव राख्यो । वरि परि हेरें, सबै पालै पालो मलाई र नवराजलाई हेर्दै रहेछन् ।

"जाउं अव, क्याम्पसमै गएर कुरा गरौंला" भन्दै म वाहिर निस्कें । नवराज मेरो पछि लाग्यो ।

त्यसको दुई महिना जतिमा फाइनल परीक्षाको रुटिन निस्क्यो । जांडरक्सी संगैं सबैकुरा बन्द भए । रिजल्ट नहुंदै केही समयको लागि म क्याम्पसमै काम गर्न थालें, नवराज गाउं फर्केर उतै हाइस्कूलमा कृषि पढाउन थालेछ । त्यसको दुई वर्ष पछि प्रोजेक्टमा काम गर्दा जीवनसंग भेट भयो । नवराजले पढाउन थालेको तीन महिना जतिमा त्यही स्कुलबाट एसएलसी दिने केटीलाई ट्युशन पढाउंदा पढाउंदै लभ गरेर विहे गरेछ ।

त्यो दिन मेरो मानसपटलमा एक वर्षको अन्तरमा उब्जेका नवराजका दुई विपरित तस्वीरहरु घुमिरहे । कहिले टेबुलको वरिपरि केटीहरुलाई ट्युशन पढाउंन बसेको नवराज, अनि एउटी उरन्ठेउली केटीले छड्के हेर्दै टेबुलमुनीबाट खुट्टा कुल्चिदिंदा रातोपीरो भएर बोल्न नसकेको । अनि कहिले घुर्मैलो दिनको विहान बाबु फलैंचामा बसेर बारीतिर हेर्दै बसेका, आमा पिंढीको जांतोमा भैंसीलाई कुंडो ख्वाउने मकै पिंधीरहेकी अनि नवराज चाहीं बलेसीनिरबाट खांबोमा अडेस लागेर भुंइतिर हेर्दै भन्दै गरेको "यसपाली त विनोदले पनि विहे गरेछ । पोहोर साल प्रेमप्रसादले विहे गरेको थियो यसैपाली छोरो पाएछ ।"

*अवर्न विश्वविद्यालय, अलावामा*
*डिसेम्बर ८, २००२*

*प्रथम प्रकाशित*
**सुस्केरा डट कम, फेब्रुअरी २००३**
http://www.suskera.com